# मानेभन्ज्याङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ,ओखलढुङ्गा

कोशी प्रदेश,नेपाल

पत्र संख्याः ०८०/८१
चलानी नम्बरः ६३६

मितिः २०८०/०८/२०

सूचना । सूचना ।। सूचना ।।।

**विषयः सामुदायिक विद्यालयको लेखापरीक्षणका लागि आशय पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूको आ.व. २०७९/०८० को समग्र लेखासम्वन्धी आर्थिक श्रेस्ताहरूको (स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को दपदफा (२) खण्ड (ज) २१ र शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम) लेखापरीक्षण गराउनु पर्ने भएकाले नेपाल चार्टटड एकाउन्टेन्ट संस्था (CAN) मा दर्ता रहेका ईच्छुक लेखा लेखापरीक्षकहरूले तपसिलमा उल्लेखित कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. नेपाल चार्टटड एकाउन्टेन्ट संस्था (CAN)बाट लिएको पेशागत प्रमाणपत्र (नवीकरणसहित)।
२. आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ सम्मको लाइसेन्स तथा फर्मको दर्ता नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि, मु.अ.क.मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. लेखा परीक्षण फर्म दर्ताको प्रमाणपत्र ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
६. कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।
७. सार्वजनिक निकायमा वहालवाला कर्मचारी भए विभागिय स्वीकृति पत्रको प्रतिलिपि
८. सम्पर्क नं. सहितको सक्कलै निवेदन ।
९. प्रचलित कानूनमा उल्लेख भए अनुसारका अन्य कागजातहरू ।

२०८०/८/२०

..............................
छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना तथा प्रविधि शाखाः फेसवुक तथा वेवसाइटमा अपलोड गरिदिनुहुन ।



CamScanner